वर्ष २९ अङ्क ४ अक्टोबर, २०२१ OCTOBER, 2021

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

# सिक्किम परिवर्तन



२२ सितम्बर, २०२१ को दिन एसडीएफ भवनको प्रेक्षागृहमा एसडीएफ पार्टीका अध्यक्ष श्री पवन चामलिङको ७२ औं जन्म जयन्ती अपार भीडका साथ एसडीएफप्रेमीहरूले पालन गरे। यस अवसरमा राज्यका चारै जिल्लाबाट हजारौंका संख्यामा शुभचिन्तकहरू उपस्थित भएर श्री चामलिङलाई सुस्वास्थ्य एवम् दीर्घायूको शुभकामना अर्पण गरे। पार्टी अध्यक्ष श्री चामलिङले सो दिन उपस्थित सबैसित भलाकुसारी गर्नुभयो।

# राजनीतिक हिलो–छेपाइप्रतिको पीडालाई अभिव्यक्त गर्न मैले त्यो मौनता धारण गरेको हुँ : अध्यक्ष चामलिङ



**प्रश्नः तपाईं आफ्नो जन्मदिनको अवसरमा मिडियासमक्ष मौन रहनुभयो। यस घटनालाई विभिन्न मानिसहरूले विभिन्न कोणबाट अर्थ्याइरहेका छन्। खासमा त्यो मौनताको अर्थ के थियो?**

उत्तर : सिक्किमे समाज र सिक्किमेली मानसिकतामा आम बन्दै गइरहेको राजनीतिक हिलो–छेपाइप्रतिको पीडालाई अभिव्यक्त गर्न मैले त्यो मौनता धारण गरेको हुँ। सो अवसरमा पत्रकारहरूले मलाई कतिपय राजनीतिक प्रश्नहरू गरेका थिए, र जसप्रति मौन बसेर अन्य कुनै राजनैतिक मञ्चबाट नै ती प्रश्नहरूको जवाब दिनु उचित हुने ठानें। मेरो तात्पर्य, व्यक्तिगत र सामाजिक कुराहरूलाई राजनीतिकरण गर्नु बन्द गर्नुपर्छ भन्ने आफूलाई लागेको कुरो मैले जाहेर गर्न चाहेको हो। त्यसैले म त्यस दिन चुप बसें। व्यक्तिगत कुराहरूलाई राजनीतिकरण गर्ने परम्परालाई बन्द गर्ने काम कसै न कसैले कुनै न कुनै दिन शुरू गर्नु नै पर्नेथियो। त्यही प्रक्रियाको थालनी आफ्नो जन्मदिनबाट मैले गर्ने निर्णय गरें।

आज हाम्रो राज्यमा अराजनैतिक संस्थान र गतिविधिहरूलाई राजनीतिक संस्थान र गतिविधिहरूबाट अलग गर्नैपर्ने जरूरी भइसकेको छ। आज हरेक सामाजिक–सांस्कृतिक कार्यहरूमा पनि 'राजनीति घुसाउने' र 'राजनीति गर्ने' परम्परा कायम गरिएको दुःखद अनुभव सबै सिक्किमेहरूको मनमा छ। दाह संस्कारमा समेत मुख्यमन्त्री, मन्त्री, विधायक, अध्यक्ष आदिलाई पर्खेर मात्र शव निकाल्ने गरिएका उदाहरणहरू छन्। विवाहका कार्यक्रमहरूमा पनि यस्तै घटनाहरू देखिन्छन्। कहाँसम्म भने बिहेको निमन्त्रण–पत्रमा 'दर्शनाभिलाषी'–को रूपमा मुख्यमन्त्रीको नाम छापिनथालेको छ। त्यसभन्दा पनि अझ दुःखद कुरो त धार्मिक समारोहहरू राजनीतिक नेताहरूको उपस्थिति र संरक्षकत्वमा सम्पन्न हुन्छन्। दशैं, दीपावली, लोसार, ल्होछार, क्रिस्मसलगायतका हाम्रा चाढ–पर्व र उत्सवहरूमा राजनैतिक रङहरू लाग्न र लगाउन थालिएका छन्। स्वास्थ्य तथा शिक्षा प्रणालीहरूसम्म पनि राजनीतिक रूपमा विभाजित छन्। खेलकुद र क्रीडालाई राजनीतिक नजरले हेर्ने र मूल्याङ्कन गर्ने कुरा छ। मानिसहरूलाई समेत राजनीतिक पार्टी र झण्डाको आधारमा चिनिन थालिएको छ। समाज 'यो पार्टी' र 'त्यो पार्टी'–मा विभाजित छ। 'युवा पार्टी' र 'बूढा पार्टी'–मा विभाजित छ। अब छिट्टै हामी 'पुरुष पार्टी' र 'महिला पार्टी' भएर विभक्त हुने अवस्थामा पुगिसक्यौं!

विगत धेरै सालदेखि एसडीएफ पार्टीले मेरो जन्म दिनलाई 'गरीब उत्थान दिवस'–को रूपमा पालन गर्दै आइरहेको छ। अब उप्रान्त यो दिनलाई त्यस रूपमा पालन गरिनेछैन। म मेरो जन्म दिनलाई नितान्त व्यक्तिगत कार्यक्रमको रूपमा पालन गर्नेछु, ताकि पार्टी निर्विशेष मेरा साथी तथा शुभचिन्तकहरू मकहाँ आउनसकून्। पार्टी र राजनीतिको छेकाबारले छुट्टिएका हामीहरूबीचको सामाजिक सम्बन्धलाई जोड्ने यो मेरो प्रयास हो। मलाई आशा छ, यदि हामी सबैले आ–आफ्ना पारिवारिक, व्यक्तिगत, सामाजिक, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूलाई राजनीतिबाट अलग राख्यौं, र अराजनीतिक ढङ्गले पालन गर्‍यौं भने हामी हाम्रो वास्तविक परिचयलाई विभाजन गर्ने कारणहरू तोड्न सफल हुनेछौं।

यसको साथमा, त्यस दिनको मेरो मौनता हाम्रो समाजमा बढेर गइरहेको हो–हल्ला र शोर–सराबाप्रतिको मेरो सरोकारको अभिव्यक्ति पनि थियो। आज जताततै हो–हल्ला छ। तर यी हल्लाहरूभित्र कुनै किसिमको ठोस र महत्वको कुरो भने कतै छैन। कतै भेटिंदैन पनि। खालि उडन्ते कुराहरूको हल्ला छ। रहल पृष्ठ २–मा




२८ सितम्बर, २०२१ को दिन एसडीएफ पार्टीको दक्षिण सिक्किमको मिक्खोला, कोप्चे वार्डमा समन्वय सभा पूर्व विधायक श्री विनोद राईको अध्यक्षतामा सम्पन्न भयो।

# युवा प्रकोष्ठको समन्वय सभा सम्पन्न

गान्तोक। (प्रेस विज्ञप्ति) ४ अक्टोबर, २०२१ -को दिन जूम-सालघारी क्षेत्र अन्तर्गत जोरथाङको गरीब उत्थान भवनमा पश्चिम जिल्ला एसडीएफ पार्टीको युवा प्रकोष्ठको तत्वावधानमा एउटा समन्वय सभा सम्पन्न भयो। सभामा सबै क्षेत्रमा एसडीएफ पार्टीको युवा प्रकोष्ठलाई मजबुत बनाउने विषयमा निर्णय भएको छ। यसरीनै सभमा पार्टीको युवा प्रकोष्ठले वार्ड स्तरदेखि लिएर जिल्ला स्तर अनि राज्य स्तरका सबै युवाहरूलाई अप्रजातान्त्रिक र अमानवीय एसकेएम सरकारदेखि सिक्किमलाई मुक्ति दिलाउन एकजुट बन्नका निम्ति सचेत तुल्याउने कार्यक्रम अघि बढाउने अर्को निर्णय पनि भएको छ।

परिवर्तनको नाम गरेर झुठ, अफवाह र फरेबको आडमा सत्ता हत्याउन सफल भएको एसकेएम पार्टीको सरकारमा जनता वाक्क दिक्क भएका छन् र यस्तो तानाशाही सरकारदेखि जनतालाई मुक्ति दिलाउने सर्वप्रथम जिम्मा युवा चेलीहरूमा आएको छ भन्दै जरूरत परेको खण्डमा सबै सडकमा उत्रिन पनि तयार छौं भन्ने कुरालाई युवाहरूले सभामा राखे।

एसडीएफ पार्टी ट्रस्टेड र टेस्टेड अनि अनुभवी नेता भएको एक अनुशासित क्षेत्रीय पार्टी भएकोले गर्दा सबैले पार्टीको निति सिद्धान्तलाई शिरोपर राखेर काम गर्नुपर्ने विषयलाई वरिष्ठ नेताहरूले उठाउँदै युवाहरू असल समाज निर्माण गर्ने महान खम्बा हुन् त्यसैले पार्टीको संगठनलाई मजबुत बनाउन युवाहरूको जोश, नयाँ आइडिया र सीनियरहरूको अनुभवलाई लिएर काम गर्ने उपस्थित भेलाले सभामा कुरा राखे।

युवा प्रकोष्ठका उपाध्यक्ष डा. मिछुङ भोटियाको अध्यक्षतामा सम्पन्न भएको सभामा पश्चिम जिल्लाका ८ वटा क्षेत्रका संयोजक - उपसंयोजकहरूको सहभागिता थियो। उक्त सभामा उपाध्यक्ष सङ्गठन श्री सतीश मोहन प्रधानलगायत श्री टाशी ग्याछो भोटिया महासचिव प्रभारी पश्चिम, श्री एस.आर. सुब्बा महासचिव सङ्गठन, श्री रबिन तामाङ जिल्ला कार्यकारी अध्यक्ष, श्री राम गुरूङ सचिव ( युवाप्रभारी) साथै उपाध्यक्ष, संयोजक , युवा चेलीहरूको उपस्थिति रहेको थियो। (प्रकाश ली, महासचिव, युवा प्रकोष्ठ)

# एसकेएम कार्यकर्ताहरूको दूरव्यवहारको एसडीएफद्वारा निन्दा एवम् भर्त्सना

**गान्तोक। (प्रेस विज्ञप्ती)।**

गत २७ सितम्बर, २०२१ -को दिन पूर्व सिक्किमको नाथाङ-माछोङ समष्टिअन्तर्गत रोलेप वार्डबाट पार्टीको सभा समाप्तिपछि घर फर्किंदै गरेका एसडीएफ कार्यकर्ताहरूलाई एसकेएम पार्टीका कार्यकर्ताहरूले बाटो छेकेर नानाथरी गालीगलौज गर्दै धम्क्याउने जुन दुस्साहस गरे, त्यसको एसडीएफ पार्टी घोर निन्दा, विरोध एवं भर्त्सना गर्दछ।

प्रजातान्त्रिक प्रणालीमा पक्ष-विपक्ष सबै राजनैतिक पार्टीहरूलाई खुल्ला रूपमा सभा आयोजना गर्दै जनतासँग भेटघाट गर्ने संविधानले दिएको अधिकार हो। अभाग्यवश, एसकेएम पार्टीको हातमा सत्ता परेदेखि यता संविधानले दिएको मौलिक अधिकारलाई एसकेएम पार्टीका नेतादेखि लिएर मन्त्री, विधायक, कार्यकर्ता सबैले हत्या गर्दै तानाशाही र अप्रजातान्त्रिक क्रियाकलापले सिक्किमलाई ग्रसित बनाएका छन्।

शुरुदेखि नै विपक्षी पार्टीका नेतादेखि लिएर कार्यकर्ताहरू सबैलाई सरकार पक्षका कार्यकर्ताहरूले बाटो छेकेर दग्दी दिने, धम्क्याउने, सभाहरूमा डिस्टर्ब गर्ने, ढुङ्गा हान्ने, मान्छे कुटपिट गर्ने आदि जस्ता नीच क्रियाकलाप गरेर शान्तिप्रिय राज्य भनेर चिनिने सिक्किमको नाम बदनाम गरेका छन्।

एसकेएम कार्यकर्ताहरूको यस्तो नीच दुर्व्यवहारले गर्दा आज राज्यको राजनैतिक स्तर घटेर गएको छ। एसकेएम सरकार पक्षबाट गरिएको दुर्व्यवहारले गर्दा राज्यमा अप्रजातान्त्रिक, अमानवीय, अराजकता र तानाशाही शासन भएको प्रमाणित भएको छ। एसकेएमका भाडाका टट्टुहरूले पहिला पनि प्रजातन्त्रको मन्दिर मानिएको सिक्किम विधानसभाको मर्यादालाई उल्लङ्घन गर्दै पूर्व मुख्यमन्त्रीलाई अभद्र शब्द प्रयोग गरेर गाली गरे। पोकलोक-कामराङ समष्टिको उप-चुनाउमा एसडीएफ अध्यक्षको गाडीमा ढुङ्गा-मूढ़ाले आक्रमण गरे, बाटो छेके, विपक्षी प्रवक्तामाथि मध्य दिउँसो प्राणघातक हमला गरे, विद्यार्थी अरूण लिम्बूले सरकारको कमी-कमजोरी देखाउँदा घरमै भाडाका टट्टु पठाएर कुटपीट गरेको आदि जस्ता घटनाहरू सबैलाई विदित नै छ। यदि यसरी नै एसकेएम सरकार पक्षका कार्यकर्ताहरूले बाटो छेक्दै विपक्षीलाई धम्क्याउने, कुटपिट गर्ने काम गर्दा विपक्षी पार्टी वा अन्य समाजसेवकहरूलाई अलिकति खरोचसम्म पनि आयो भने त्यसको सरासर जिम्मा एसकेएम सरकारले लिनुपर्छ। किनभने सरकार भनेको सबैको हो, पक्ष-विपक्ष सबैको हो। पक्ष-विपक्ष सबैको जीवनको सुरक्षा गर्ने प्रथम जिम्मेवारी सरकारको हो। (विष्णु दुलाल, सचिव, प्रचार-प्रसार मामिला, एसडीएफ)।

## राजनीतिक हिलो-छेपाइप्रतिको पीडालाई अभिव्यक्त गर्न ...

*पृष्ठ १-को रहल*

रिस-इबीको हल्ला छ, धोखाधडीको हल्ला छ, हताशाको हल्ला छ, झूठमुठको हल्ला मात्र छ। हामीले आफैलाई यो हल्लाबाट बाहिर निकाल्नु जरूरी छ, र एकान्तमा बसेर आत्म-समीक्षा गर्नु जरूरी छ। म सबै सिक्किमेहरूलाई यस्ता हल्लाको विरुद्ध जागरूक बन्न अपील गर्दछु। किनभने सिक्किमे आत्मालाई यस्ता हल्लाहरूले यथेष्ठ खति गरिसकेको छ। हाम्रो दग्ध आत्मालाई शान्त पार्न हामीलाई सार्थक मौनता चाहिएको छ। मदर टेरेसाले एकपटक भन्नुभएको थियो, 'यदि मानव आत्मा स्पर्श गर्ने हो भने हामीलाई मौनता चाहिन्छ।' भगवान बुद्धले पनि भन्नुभएको थियो, 'बित्थाका कुराहरूभन्दा मौनता श्रेष्ठ हो।' अहिले सिक्किममा ज्यादा नै 'बित्थाका कुराहरू' भइरहेका छन्।

यसपटकको जन्मदिनमा मैले मेरो परिवार, साथीभाइ, सहकर्मी र शुभचिन्तकहरूसँग अत्यन्त आनन्दमय र उत्साहवर्द्धक समय व्यतीत गर्न पाएँ। राजनीतिक सम्बन्धहरूलाई पर राखेर आपसी प्रेम, सदभाव, सौहार्द्र, आदर र भाइचाराका शुभेच्छा साट्नपाउनु मेरो निम्ति साँच्चै आनन्ददायी घडी रह्यो। राजनीतिकरण नगरी गरिएको यस कार्यक्रमले मलाई मानवताको झन् नजिक पुऱ्याएको भान भयो। त्यसैले यस अवसरमा मैले कुनै पनि प्रकारको राजनीतिक सन्देश जाने अथवा राजनीतिक लेन्सबाट हेरेर व्याख्या गर्नेहरूलाई मद्दत हुने कुनै पनि काम नगरूँ भन्ने ठानें, चाहे त्यो भाषण होस्, सन्देश प्रसारण होस्, राजनीतिक बयान होस् वा सञ्चारकर्मीहरूले सोधेका प्रश्नको जवाफ नै किन नहोस्!

फेरि पनि म भन्नचाहन्छु, सञ्चार जगतप्रति मेरो मनमा अगाध सम्मान र प्रेमभाव छ। मेरो जन्मदिनमा रहेको उहाँहरूको उपस्थितिलाई म हार्दिकतापूर्वक स्वीकार गर्दछु। सम-सामयिक घटनाक्रमप्रति मेरो राय जान्नचाहने उहाँहरूको जिज्ञासालाई पनि म सहृदय कदर गर्दछु। अतः मेरो मौनताले उहाँहरू कसैको पनि आत्मसम्मानमा आघात परेको भए म आफ्नो तर्फबाट दुःख व्यक्त गर्नचाहन्छु र माफी चाहन्छु। तर मिडियासँग बातै नगर्ने मेरो हठ थिएन त्यो। मैले अघिबाटै बताइसकेको छु कि अराजनैतिक कुराहरूलाई समेत राजनीतिकरण गरिने हाम्रो समाजको बेथितीको क्रमलाई रोक्न मैले गहिरिएर सोचेर लिएको कदम थियो त्यो।

म ती सबै प्रश्नहरूलाई राजनैतिक मञ्चबाट सम्बोधन गर्नेछु। यस अवसरमा म मेरो जन्मदिनमा उपस्थित हुनुहुने र मलाई शुभकामना दिनुहुने सबै-सबैलाई फेरि पनि धन्यवाद दिनचाहन्छु। म तपाईंहरूको प्रेमले आप्लावित बनेको छु। तपाईंहरू सबै-सबैलाई आन्तरिक धन्यवाद छ।

अन्तमा फेरि पनि, म देशमा सबैभन्दा लामो समयसम्म मुख्यमन्त्रीको पदमा आसिन नेता भएको हुँदा मलाई मानिसहरूले राजनीतिदेखि अलग हेर्ने/ देख्ने गर्दैनन्। तर मलाई राजनीतिबाहिर साहित्य, सङ्गीत, कला, समाजसेवा आदि क्षेत्रहरूमा पनि विशेष रूची र लगाव छ। त्यसैले राजनीतिदेखि बाहिरको नजरले पनि मलाई मानिसहरूले हेरिदिऊन् भनी सबैलाई आग्रह गर्नु/ अनुप्रेरित गर्नु मेरो दायित्व पनि हो। यस कुरामा तपाईं निश्चय नै मसँग सहमत हुनुहुनेछ। मेरो परिवार र साथीहरूसँग अराजनैतिक जीवन जिउने मेरो पनि अधिकार होला! तपाईंहरूले मेरो यो इच्छालाई बुझ्नुहुन्छ र मेरो मौनतालाई पनि यसै सन्दर्भमा बुझ्नुहुनेछ भन्ने मलाई आशा छ।

मेरो पवित्र क्रान्तिको अवधारणा दलीय राजनीति वा राजनीतिक क्रान्तिभन्दा उच्च र भिन्न कुरो हो भन्ने कुरो विज्ञजनले बुझ्नुहुनेछ। मानवताको निम्ति दलीय राजनीतिदेखि अलग र उच्च मूल्यहरू पनि जरूरी हुन्छन्। मानवताका निम्ति नभई नहुने त्यही अराजनीतिक सच्चाइको व्यापकतालाई स्वीकार गर्नुपर्ने अपीलको रूपमा पनि त्यस दिन म मौन रहेको हुँ।

सिक्किम र सिक्किमेली जनताको हक–हितको सुरक्षा हाम्रो एकमात्र लक्ष्य हो।

–पवन चामलिङ

सिक्किम परिवर्तन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

वर्ष २९, अङ्क ४, अक्टोबर, २०२१, October, 2021

## लोकतान्त्रिक मूल्य मान्यतामा आधारित एसडीएफको राजनीति

राजनीतिप्रति जनतामा अहिले अविश्वास बढेर गएको छ। धन कमाउने, पद हत्याउने र शक्तिको दुरुपयोग गर्ने राजनीतिक संस्कारले राजनीतिको व्यापक क्षेत्रलाई सत्ता प्राप्तिसम्ममा खुम्च्याइदिएको छ। सत्ता र शक्ति प्राप्तिका लागि सत्तालोलुप व्यक्तिहरू राजनीतिक पार्टी गठन गरेर सुन्दर बाह्य आवरणद्वारा पूरा गर्नै नसक्ने चुनावी वाचा कसम खाँदै जनतासमक्ष पुग्दछन् अनि जनतालाई झुक्याउँदछन्। जब सत्ता यस्ता मानिसहरूको हात लाग्छ, तब ती सबै चुनावी घोषणालाई थन्क्याएर आफ्ना महत्त्वाकांक्षा पूरा गर्न अनेकौं जनवैरीहरूसँग गठजोड गरेर जनतालाई असुरक्षा पैदा गराएर सत्ताशक्तिको दुरुपयोगद्वारा जनतामा आतङ्कको स्थिति सिर्जना गरेर भ्रष्टाचार गरेर धन कमाउने विशेष अभियानमा लाग्दछन्। जसले गर्दा राजनीतिको मान, मर्यादा र महत्त्व घटेर जान्छ। जनताले ती राजनीतिका दलालहरूलाई होइन तर राजनीतिलाई नै फोहोरी खेल सम्झन पुग्छन्।

राजनीतिको महत्त्व र स्तर घट्नु भनेको प्रजातन्त्र नै खतरामा पर्नु हो। जब यस्ता जनवैरीहरूले प्रजातान्त्रिक अधिकारहरूलाई दमन गर्न थाल्छन् तब कानुन व्यवस्था चौपट हुन्छ। विधिको शासन समाप्त हुनथाल्छ। यसरी जब कानुनको राज समाप्त हुन्छ, तब आमनागरिक असुरक्षित बन्दछन्। जब सर्वसाधारणमा त्रास र भयको परिवेश सिर्जना हुन्छ, तब शासन व्यवस्थाप्रति जनताको विश्वास कम हुँदै जान्छ। विश्वासको जग हल्लिएपछि समाजमा अराजकता फैलिन्छ। यस्तो अराजक अवस्थाले राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक सबै सम्बन्धहरू बिथोलिएर मानव मूल्यको नाश हुँदछ।

जब नीति, सिद्धान्त, विचारधार र दर्शनसम्मत राजनीति हुँदैन त्यहाँ असुरक्षित  परिस्थिति जन्मनु स्वभाविक हो। यसैले राजनीतिको फराकिलो फाँटलाई सम्झिएर जबसम्म जनउत्तरदायी, जनजवाफदेही र जनजिम्मेवार राजनीति गर्नेको जमात सशक्त हुँदैन तबसम्म राजनीतिको गरिमा, सम्मान र महत्त्वलाई यस्ता राजनीतिक दलालहरूले धुलिसात गर्दै लैजान्छन्।  यही आदर्श र मूल्यलाई आत्मसाथ गर्ने जनशक्तिको निर्माण र सिद्धान्तको मूल्य र मान्यतासहितको राजनीति नै आजको आवश्यकता हो।

एसडीएफ पार्टीले आफ्नो स्थापनाकालदेखि नै यही सत्यलाई स्वीकार गरेर राजनीतिलाई आत्मसाथ गरेको छ। जनता राजमा जनतै राजा को मूल सिद्धान्तका आधारमा एसडीएफले लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तलाई शिरोधार्य गरेर राजनीति गर्दै आएको सत्य कसैले झुटको पोल्टामा लुकाउँदा लुकिने होइन। अब जनताले हरेक राजनीतिक पार्टीलाई उसका नीति, कार्यक्रम, सिद्धान्त र योजनाबारे गहन अध्ययन गरेर कालो र सेतो छुट्याउने समयको माग हो। यति जनता सचेत र सजग भएर सत्यको पक्षमा खडा भए राजनीतिमा आउने यस्ता विकृतिलाई सहजै रोक्न सकिन्छ।

निवेदनः सिक्किम परिवर्तनमा लेख–रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगानाः sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्एप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो– सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# सिक्किमले अहिंसक खेती अपनाएर महात्मा गान्धीलाई आजीवन श्रद्धाञ्जली अर्पण गरेको छ

राष्ट्रपिता महात्मा गान्धीले अहिंसाको बाटो देखाएर विश्वलाई प्रेरित गर्नुभएको थियो। त्यस्तै गरी, सिक्किमका पूर्व मुख्यमन्त्री श्री पवन चामलिङको नेतृत्वमा हाम्रो सानो राज्य सिक्किमले पनि अहिंसक, जैविक खेती गरेर देश र विश्वलाई एक नयाँ दिशा देखाएको छ। जैविक खेतीले हाम्रो भूमि, माटो, वातावरणको रक्षा गर्छ भने पृथ्वीको पारिस्थितिकी सन्तुलन बनाइराख्छ। अनि जैविक खेती एउटा जीवनदायी खेती हो, जल र जीवन बचाउने खेती हो।



**विष्णु दुलाल**
**ताक्छाङ, पूर्व सिक्किम।**

गान्धी जयन्तीको उद्देश्य त्यो दिन पूरा हुन्छ, जब सबैको जीवनमा अहिंसाको सिद्धान्त लागू हुन्छ। गान्धीजीको उद्देश्य वर्षमा एकपटक माला लगाई दिएर सम्झना गर्नुमात्र होइन। महात्मा गान्धीको उद्देश्य देश र विश्वमा बढ्दो हिंसालाई रोकेर समाजमा मानवता, भाइचारा फैलाउनु हो।

हिंसा शब्द र बोलीबाट उन्मूलन हुँदैन, किनभने हिंसा गर्नुहुँदैन भनेर जान्नु र जीवनमा अहिंसाको सिद्धान्तलाई लागू गर्नुमा ठूलो भिन्नता छ। सबैले हिंसा शब्दलाई बुझ्छन् र भन्छन् – हिंसा गर्नुहुँदैन, अहिंसाको पालना गर्नुपर्छ। तर आजको मानव समाजमा जीवनको मूल्य घटेको देखिन्छ, किनभने मानिसहरू हिंसा शब्दलाई बुझ्छन् तर अहिंसाको सिद्धान्तलाई भने जीवनमा लागू गर्दैनन्। किनभने आजकल हिंसा, हत्या र अत्याचार देश र दुनियाँको हरेक कुनामा बढेको देखिन्छ। दया, माया, प्रेम, मानवता र भाइचारा लोप हुँदै गइरहेको देखिन्छ। मान्छेले आफ्नो प्राकृतिकपन गुमाएको देखिन्छ। मलाई के लाग्छ भने जब मान्छेहरूले अहिंसाको सिद्धान्तलाई आत्मसात गर्छन्, त्यो दिन हिंसा आफै हराएर जानेछ।

यदि हामी जीवनमा अहिंसाको सिद्धान्तलाई लागू गर्नचाहन्छौं अथवा ल्याउनचाहन्छौं भने हामीले हिंसाको जरा पहिल्याउन जरूरी छ। किनभने हिंसा बाहिरबाट सृजना हुँदैन, यसको स्रोत हामीभित्र छ, हिंसा मनबाट उत्पन्न हुने एउटा ठूलो रोग हो। हिंसा विचार र कर्मबाट हुन्छ। कसरी विचार र कर्मबाट हिंसा हुन्छ? हाम्रो मन र विचार किन शुद्ध छैन? यो कारण जान्नु महत्त्वपूर्ण छ।

धर्मशास्त्र र धार्मिक गुरूहरूको भनाइअनुसार हाम्रो आहार जस्तो हुन्छ, त्यस्तै व्यवहार हुन्छ। मेरो अनुभवमा यो कुरा ठिक हो जस्तो लाग्यो, किनभने हामीले खाएको खानाले हाम्रो शरीरलाई भिटामिन, मिनरल, प्रोटिन आदि इत्यादि प्रदान गरेर हामीलाई स्वस्थ राख्छ। त्यही स्वस्थ शरीरको कारणले हाम्रो मस्तिष्क चल्छ, हाम्रो विचार उत्पन्न हुन्छ। त्यसैले सबैले बुझ्न के जरूरी छ भने हाम्रो आहार हाम्रो शरीर र दिमागको लागि कति महत्वपूर्ण छ भनेर। त्यसैले हाम्रो जीवनमा अहिंसाको सिद्धान्तलाई लागू गर्नका लागि, मलाई के लाग्छ भने हामीले पहिले हाम्रो आहार खानपिनमा ध्यान दिनुपर्छ।

लोभ, क्रोध, ईर्ष्या जस्ता जीवनघातक विचारहरू हामी समाजमा प्रचुर मात्रामा पाउँछौं, तर कसरी त्यस्ता विचारहरू हाम्रोभित्र सृजना हुँदैछन् भन्ने विषयमा ध्यान दिदैछौ जस्तो मलाई लाग्दैन। सबैले सकारात्मक सोच राख्नुपर्छ भन्छन्, सकारात्मक हुनुपर्छ भन्छन् तर कसरी सकारात्मक हुनु र कसरी सकारात्मक सोच राख्नु भन्ने कुरा बुझेका छन् जस्तो पनि लाग्दैन। यदि समाजमा सकारात्मक सोच र बिचारको अर्थ राम्रोसँग सबैले बुझेका भए हाम्रो समाजमा जात र धर्मको नाममा कुनै लडाई हुनेथिएन। लोभ–लालचमा परेर हत्या, हिंसा र दुर्व्यवहार हुनेथिएन, सबैमा मैत्रीभाव हुने थियो।

आज किन हाम्रो समाज यस्तो छ? त्यो सबैको कारण हाम्रो आहार अनि खानपिन हो। हामी कस्तो खालको खाना खान्छौं र कसरी खान्छौं भन्ने विषय एकदम गम्भीर अनि धेरै महत्त्वपूर्ण छ। सकारात्मक सोच अहिंसाको प्रतीक हो। सकारात्मकताको स्रोत नै हाम्रो आहारबाट उत्पन्न हुने हो। हाम्रो सकारात्मकता समाजमा हाम्रो वचन, कर्म र व्यवहारबाट झल्किन्छ। वचन र कर्मद्वारा हुने हिंसालाई राम्रो अनि शुद्ध आहारले मात्र रोक्नसकिन्छ किनभने यदि आहार राम्रो छ भने सबै सोच सकारात्मक हुन्छ। यदि हामीले सकारात्मक सोच राखेका छौं भने हाम्रा कार्यहरू पनि सकारात्मक हुनछन्।

आज मलाई सिक्किमको नागरिक भएकोमा धेरै गर्व लाग्छ किनभने सबैले भन्छन् कि हामीले अहिंसाको बाटोमा हिंड्नुपर्छ। दुनियाँका प्रसिद्ध व्यक्तित्वहरू, सुपरस्टारहरू, फिल्मस्टार र राजनीतिज्ञहरूले अहिंसाको कुरा गर्छन्। तर हामी देख्छौं कि थोरै मानिसहरूले मात्र अहिंसाको सिद्धान्तलाई व्यवहारमा उतारेका छन्। धेरैले अहिंसाको सिद्धान्तलाई शव्द र भाषणमा मात्र सीमित राखेको देखिन्छ। तर हाम्रो सानो राज्य सिक्किमले हिंसाको जरालाई अन्वेषण गरेर, देश र विश्वबाट हिंसालाई जरैदेखि नै मेटाउन जैविक क्रान्ति गरेर एउटा छुट्टै विचार दिंदै, नयाँ क्रान्ति छेडेको छ।

राष्ट्रपिता महात्मा गान्धीले अहिंसाको बाटो देखाएर विश्वलाई प्रेरित गर्नुभएको थियो। त्यस्तै गरी, सिक्किमका पूर्व मुख्यमन्त्री श्री पवन चामलिङको नेतृत्वमा हाम्रो सानो राज्य सिक्किमले पनि अहिंसक, जैविक खेती गरेर देश र विश्वलाई एक नयाँ दिशा देखाएको छ। जैविक खेतीले हाम्रो भूमि, माटो, वातावरणको रक्षा गर्छ भने पृथ्वीको पारिस्थितिकी सन्तुलन बनाइराख्छ। अनि जैविक खेती एउटा जीवनदायी खेती हो, जल र जीवन बचाउने खेती हो। म दृढ विश्वासका साथ भन्नसक्छु कि सिक्किमद्वारा शुरू गरिएको अहिंसात्मक खेती गान्धी जयन्तीका लागि वास्तविक श्रद्धाञ्जलि हो अनि जैविक क्रान्तिजस्तो पवित्र क्रान्ति अब विश्वमा हुनेछैन, यो क्रान्ति सर्वश्रेष्ठ क्रान्ति हो। किनभने जैविक क्रान्तिले हाम्रो खानपिन र रहल पृष्ठ ४–मा

# रोलेपमा एसडीएफ पार्टीको समन्वय सभा सम्पन्न




**गान्तोक, (प्रेस विज्ञप्ती)।**
२७ सितम्बर, २०२१-को दिन एसडीएफ पार्टीको जिल्ला कार्यकारीणी समितिको तत्वधानमा क्षेत्र स्तरीय समन्वयसभा पूर्व सिक्किमको नाथाङ-माछोङ समष्टि अन्तर्गत रोलेप वार्डमा सम्पन्न भयो।

वरिष्ठ नागरिक एवं एसडीएफ पार्टीका संस्थापक सदस्य श्री हर्कबहादुर राईको अध्यक्षतामा सम्पन्न भएको सभामा पार्टी अध्यक्षको सन्देश जिल्ला कार्यकारीणी समितिका सदस्यले सुनाउँदै पार्टीको भावी रणनीति र कार्यक्रमबारे भेलालाई अवगत गराईएको थियो।

सभामा अन्तर्क्रियात्मक कार्यक्रमलाई सम्बोधन गर्दै स्थानीय नागरिक युवा-चेलीहरूले पार्टीको संगठनलाई कसरी मजबुत बनाउने कुरामा जोर दिदै क्षेत्र, राज्य र राज्यवासीको हितमा मिलेर काम गर्ने छलफल गरे।

वर्तमानको राजनैतिक परिस्थिति र माहोल बारे भेलाले कुरा उठाउँदै एसकेएम पार्टीले चुनाउको बेलामा जनतालाई दिएका वचन कुनै पनि पूरा नगरेको बताउँदै यस्तो ढाट्ने, छलकपट र अफवाहलाई सिँढी बनाएर सत्ता चड्न सफल भएको एसकेएम पार्टीको सरकारलाई जनताले नरुचाएका विषयहरू सभामा उठाउदै अढाई वर्षमै परिवर्तन खोक्रो भएको साबित भएको उदाहरण सहित कुराहरू राखे।

एसकेएम पार्टीले बोलेको भन्दा विपरीत काम गरेको बताउँदै सिक्किमको माटो अस्तित्व खतरामा परेको कुरालाई भेलाले सभामा उठाउदै एसकेएम सरकारमा प्रजातन्त्रको हत्या भएको छ भन्ने कुराहरू पनि सभामा राखे। एसडीएफ सरकारनै ठिक थियो जताततै विकासका कामहरू भएका थिए, राज्यको विकासको मुल फुटाएको थियो तर अहिले एसकेएमको हातमा राज्यको बागडोर परेदेखि यता गाउँ घरमा विकासका कामहरू सबै ठप्प भएको कुरालाई गाउँलेहरूले राख्दै सिक्किममा अनिकाल लागेर सह गएको जस्तो भएको छ भन्दै लथालिङ्ग भएको सिक्किमलाई समाल्न फेरी एसडीएफ पार्टीको जरुरत भएको कुरा राखे। सिक्किमको सुरक्षित भविष्य, राज्यमा दीर्घकालीन विकास र समृद्धिको लागि फेरि पवन चामलिङको नेतृत्वमा एसडीएफको २०२४-मा सरकार बनाउन पार्टीको निति सिद्धान्तलाई सिरोपर राखेर सबैले सामुहिक नेतृत्व निर्वाह गर्ने सभामा निर्णय गरे।

उक्त सभामा उपाध्यक्ष संगठन श्री दावा छिरिङ भोटिया लगायत पूर्व जिल्ला कार्यकारीणी समितिका अध्यक्ष श्री कर्माटासी भोटिया, पूर्व चेयरमेन एवं चेली सयोजिका श्रीमती इन्दिरा प्रधान, सचिव (एडीएम)श्री राजेश राई, प्रवक्ता बन्दना शर्मा, युवा प्रकोष्टका सचिव श्री प्रकाश गुरुङ, पूर्व जिल्ला युवा संयोजक श्री राजेश वालिङ, पूर्व जिल्ला प्रचार सचीव श्री साङ्गे छिरिङ भोटिया, सचिव श्री हेमन्त राई, युवा उप-संयोजक श्री आइत बान्तवा, श्री योगेश छेत्री श्री विजय छेत्री, चेली संयोजिका देवीसरी राई, सियारी निर्वाचन क्षेत्रका युवा संयोजक श्री अरुण बस्नेत, रिनाक निर्वाचन क्षेत्रका युवा संयोजक श्री छिरिङ पिन्चो भोटिया, नाथाङ माछोङ क्षेत्रका सीएलसी अध्यक्ष श्री पेम्पो छिरीङ भोटिया, युवा संयोजक श्री सुवास गुरुङ, पूर्व युवा संयोजक एवं पार्टीका वरिष्ठ कार्यकर्ता श्री बिसप राई अनि अन्य कर्मठ कार्यकर्ता युवा चेलीहरूको उपस्थिति रहेको थियो। *(विष्णु दुलाल, सचीव प्रचारप्रसार मामिला, एसडीएफ)*

# चिङथाङ मियोङ र दरामदिनमा एसडीएफको सभा सम्पन्न

**गान्तोक।** ६ अक्टोबरको दिन पश्चिम सिक्किमको गेजिङ बर्मेक समष्टिको चिङथाङ मियोङ ग्राम पञ्चायतमा एसडीएफ पार्टीको वार्डसभा वार्ड पञ्चायत सुमित्र राईको अध्यक्षतामा सम्पन्न भयो। सभामा वार्ड अध्यक्ष आशीश राई, ब्लक अध्यक्ष विशाल राई, संयोजक गगन राई अनि अन्य पार्टी कार्यकर्ताको उपस्थिति रहेको थियो। सभामा एसडीएफ पार्टीको नीति सिद्धान्त र कार्यक्रमलाई जनजनमा पुऱ्याउने विषयमा व्यापक छलफल भएको जानकारी अर्जुन थापाले दिएका छन्।

सोहीप्रकारले ४ अक्टोबरको दिन दरामदिन क्षेत्रको एसडीएफ पार्टीको सिएलसी कार्यकारिणीको समन्वय सभा सोम्बारेस्थित पश्चिम जिल्ला उपाध्यक्ष श्री पवित्रबहादुर राईको घरमा पश्चिम जिल्ला उपाध्यक्ष श्री तेन्जी सेर्पा लगायत पश्चिम जिल्ला चेली मोर्चा महासचिव फूरलहमु सेर्पा, पश्चिम जिल्ला उपाध्यक्ष पेम्बा सालाखा, सिएलसी सभापति रबीनलाल गुरुङ अनि सक्रिय एसडीएफ सहयोद्धाको उपस्थितिमा सम्पन्न भयो। आजको सभामा सिएलसी कार्यकारिणी सदस्यको चयन पनि गरिएको थियो। पार्टी अध्यक्षको दिशानिर्देशन अनुसार भावी योजना विषयमा सभामा छलफल भएको थियो। सभामा तिहारपछि पछि वार्डस्तरका सभाहरू राख्ने निर्णय भएको जानकारी महासचिव श्री जी एस रिजालले दिएका छन्।

# सिक्किमले अहिंसक खेती...

*पृष्ठ ३-को रहल*

पर्यावरणलाई शुद्ध गर्ने मात्र होइन, जैविक क्रान्तिले हामी मान्छे जातिको मानसिक र आध्यात्मिक स्वास्थ्यको पनि विकास गर्न मद्दत गर्छ। जैविक क्रान्तिले हाम्रो प्रकृतिकपनलाई बचाइराख्छ, सबैसँग सद्भाव बढाउन सहयोग गर्छ। जैविक खेती जनतालाई आत्मनिर्भर बनाउने दिगो खेती हो। जैविक खेतीले भविष्यमा आइलाग्ने अनिकालबाट विश्वलाई बचाउन सक्छ। जैविक क्रान्ति सम्पुर्ण जगतलाई उत्थान गर्ने कल्याणकारी क्रान्ति हो। जैविक क्रान्तिको गहिराईलाई अनुभव गरेर हेर्यो भने यो जस्तो महान अनि पवित्र क्रान्ति अरूकुनै हुनै सक्दैन। म दृढ विश्वासका साथ भन्नसक्छु कि जैविक क्रान्तिले मात्र वचन कर्म र बुद्धिबाट हुने हिंसालाई रोकेर अहिंसाको बाटोमा समाजलाई डोहोऱ्याउने काम गर्छ।

मलाई लाग्छ कि २ अक्टोबरको दिन गान्धीको मूर्तिमा माला लगाएर मात्र केही हुन्छ जस्तो लाग्दैन। किनभने सर्वप्रथम हामीले जीवनमा अहिंसाको सिद्धान्तलाई लागू गर्न एकदम जरूरी छ। हामी मान्छे सबै मन विचार र कर्मबाट मान्छे हुनु जरूरी छ । गान्धीजी त्यसदिन रमाउँछन्, जुनदिन हामी सबै गान्धीजीले देखाएको दिशामा हिँड्दै सबैको मन विचार र व्यवहारमा प्रेम र सद्भाव झल्किन्छ, त्यस समयमा मात्र गान्धी जयन्तीको महत्त्व बढ़ेर जान्छ जस्तो मलाई लाग्छ।






२६ सितम्बरको दिन पूर्व सिक्किम छुजाचेन क्षेत्र अन्तर्गत रिगु डाँढा वार्डमा अनि २७ सितम्बरको दिन दिउलिङ वार्डमा एसडीएफ पार्टीको वार्ड सभा सम्पन्न भयो।

**राज्यमा दीर्घकालीन विकास अनि शान्ति सुरक्षा कायम गर्ने एसडीएफको लक्ष्य**

# हार्दिक मङ्गलमय शुभकामना



दशैं केवल धार्मिक चाड मात्र होइन। यस चाडसँग सांस्कृतिक रङहरू पनि घुलिएका छन्, सामाजिक सम्बन्धका ताना-बानाहरू पनि गुँथिएका छन्, पारिवारिक सम्बन्धका न्यानापनहरू सजिएका छन् र व्यक्तिगत उल्लास र मनोरञ्जनका अथाह पलहरू गाँसिएका छन्। यस अवसरमा सम्पूर्ण सिक्किमेली जनगणमा म मेरो व्यक्तिगत पक्षबाट, मेरो परिवारको पक्षबाट र सम्पूर्ण एसडीएफ परिवार-को पक्षबाट हार्दिक बधाई टक्राउँदै खुशी, समृद्धि, शान्ति र शक्तिको कामना गर्दछु। दशैंको पावन चाडले तपाईंहरूको जीवनमा नयाँ जोश र आशा भरिदियोस्। तपाईं सबै-सबैको दशैं सुखद र आनन्ददायी बनोस्। हार्दिक शुभकामना चढाउँदछु।

-पवन चामलिङ, अध्यक्ष, एसडीएफ

S D F

# दशैं अनि यसको महत्व



प्रकाश पाण्डे



बडा दशैं आश्विन शुक्ल पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सव हो। दशैंलाई बडा दशैं, दशहरा, विजया दशमी, आयुध-पूजा आदि नामले जानिन्छ।

यो खासगरी आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्मका फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी लगातार चार दिनको महापर्व हो। यो नेपालीहरूको सबैभन्दा ठूलो चाड हो। त्यसमा पनि विजयादशमी मुख्य दिन हो।

त्रेता युगमा यहि दिनमा श्रीरामले सीताको हरण गर्ने रावणको बध गरेको सम्झनामा यस चाडलाई विशेष गरी मनाइन्छ। श्रीरामले दशै दिनमा रावणमाथि विजय हाँसिल गरेको भएर दशैँलाई बडादशैँ एवम् विजयदशमीको नामले पुकारिन्छ। दशैंलाई असत्य माथि सत्यको विजयको रूपमा हेरिन्छ।

विजयदशमी भगवान रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवै रूपमा यो शक्ति-पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो। हर्ष एवं उल्लास तथा विजयको पर्व हो। भारतीय सँस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो। व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैंको उत्सव-पर्व सुरू भएको हो। महा खुशीको पर्व हो।

चाडपर्वहरूले एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछन्। हर्ष, उल्लासका साथ आउने र मनाउँने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ। भिन्न खुसी र सुख प्रदान गर्दछ। यसले पूरै वातावरणको परिवेशलाई उल्लास र रौनक तर्फ परिवर्तन गरिदिन्छ। त्यसैले त चाडपर्वलाई विशेष महत्वका साथ मनाइने गरिन्छ।

त्यही भएर हामी महान् चाडको रूपमा दशै हर्सोल्लासका साथ मनाउछौं। बडादशैंको पर्वमा मालसिरी वा मालश्री धुन बजाएर र गीत गाएर रमाइलो पनि गरिन्छ। देश विदेश वा टाढा टाढा भएका आफ्ना साथीभाई, आफन्तजनसँग भेटघाट हुने वातावरण यसै समयमा सिर्जना हुन्छ। पर्वले यस्तो सुनौलो अवसर जुटाइदिन्छ। त्यसको बेग्लै मज्जा छ। दशैमा दक्षिणा, टीका, जमरा र पिङको मज्जालाई छुट्टै खास अर्थ र महत्वका रूपमा लिइन्छ।



वास्तवमा दश दिन मनाइने हुनाले पनि यो महान पर्वलाई दशैं भनेको हुनुपर्छ। दशैंमा नवदुर्गा (शक्तिस्वरूपा देवी दुर्गा) को नौ वटा रूप शैलपुत्री, ब्रह्मचारणी, चन्द्रघन्टा, कुशमन्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिधात्रीको विशेष पुजा तथा आराधाना गरिन्छ। नवदुर्गा भवानीका यी नव रूपको आश्विन शुक्लपक्ष प्रतिप्रदाकाका दिनदेखि महानवमीका दिनसम्म क्रमशः एक एक दिन गरी नौ दिनसम्म पुजा गर्ने गरिन्छ। दशौं दिन विजयादशमीमा भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरूप मान्यजनबाट रातो टीका र जमरा लगाएर र आशीर्वाद थापेर मनाइन्छ। टाढा टाढादेखि आउने पाउनाहरूले पूर्णिमासम्मै पनि टीका लगाएर आशीर्वाद लिने दिने गरिन्छ। यहाँ दशैंको प्रमुख चार दिनको चर्चा गरिएको छ।



**महासप्तमी**

नवरात्रिको सातौं दिन फूलपाती हो। नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू घर घरमा भित्र्याइन्छ।

वर्षा ऋतु सिद्धिएर शरद ऋतु को स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहदैनन् भन्ने धार्मिक तथा साँस्कृतिक मान्यता रहिआएको छ। यस दिन फूलपातीस्वरूप केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती यी नौ प्रकारका पातहरूलाई पूजी प्रत्येकको नौका दरले दुर्गापूजा गरेको स्थानमा भित्र्याइन्छ। यस दिन विशेष गरेर महासरस्वती तथा पुस्तक, कापी, कलम अनि मसीदानी आदिको पनि पूजा गरिन्छ। किसानहरू यस दिन खेतमा गई चन्दन, अक्षता र फूलले धानको पूजा गरी धानका बाला र बोट घरमा भित्र्याउँछन्।

**महाष्टमी**

नवरात्रिको आठौं दिन महाष्टमीमा महाकाली -भद्रकालीको विशेष पूजा-आजा गरिन्छ। देवीभागवत् अनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली (करोडौं योनी-शक्ति)का साथ अष्टमीका दिन उत्पन्न भएकाले पूजा गर्ने चलन रहिआएको छ। पूजापश्चात् मानिसहरू नवदुर्गा, आ-आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बलि दिन्छन्। शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौँला आदि फल अर्पण गर्दछन्। महाअष्टमी र महानवमी बीचको रातलाई कालरात्रि मानेर रातभरि गुप्तपूजा गरिन्छ।

**महानवमी**

नवरात्रिको नवौं दिन महानवमीमा विशेष गरी सिद्धिधात्री देवीको पूजा-आजा गरिन्छ। यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई फलफूल चडाएर विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ। यस दिन अरू पूजाका अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ। बलिको अर्थ त्याग, बलि दिनु अर्थात् त्यागिदिनु भन्ने हुन्छ। नवदुर्गाका प्रसादले काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, छल, कपट, यी दश प्रकारका अवगुणहरू हटून् र सुख, शान्ति, समृद्धि प्राप्त होस् भन्ने भावले सबै दश अवगुणहरूको त्याग गरिन्छ।

**विजया दशमी**

नवरात्रिको दशौँ दिनलाई विजयादशमी भनिन्छ। आश्विन महिनाको शुक्लपक्षको श्रवण नक्षत्रले युक्त दशमीलाई विजयादशमी भन्ने बुझ्नुपर्छ। यो दशैंको खास दिन हो।

यस दिनमा भगवान रामचन्द्रले रावण माथि विजय प्राप्त गरेकाले यसलाई विजयादशमी भनिएको कथन छ। यस दिन घर घरमा सबैभन्दा पाको र जानकार व्यक्तिले सोह सामाग्रीले भगवती दुर्गा र अरू देवीहरू तथा देवताको पूजा गरी, नौ दिनसम्म गरेको पूजाको काममा कुनै त्रुटि भयो कि भनी त्यसलाई पूरा गर्न तामाको थालीमा चन्दनले अष्टदल लेखी त्यसका बीचमा माटाका देवीका तीन प्रतिमा वा राता अक्षताका तीन थुप्रा राखी बीचमा अपराजित देवी, दाहिनेतिर जयादेवी, देब्रेतिर विजया देवीको आह्वान र सोह सामाग्रीले पूजा गरी यथाशक्ति हवन गरी जमरालाई पूजा गरी अनि भगवती दुर्गा र अन्य देवदेवीहरूलाई चढाइ आरती र पुष्पाञ्जलि गर्ने गरिन्छ। यति गर्नाले कसैले पनि आफूमाथि दमन (विजय) गर्न सक्दैन भन्ने धार्मिक विश्वास छ।

त्यसपछि मन्त्र पढ्दै चन्दन, अक्षता, फूल छर्कँदै माफी माग्दै दुर्गा भगवती र अन्य देवीदेवतालाई विसर्जन गरी उठाएर अन्यत्र राखिन्छ।

त्यसपछि देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ। त्यसपछि घरका मुलमान्छेले नव दुर्गा भगवतीको प्रसाद स्वरूप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा रहल पृष्ठ ७-मा

## दशैं अनि यसको महत्व....

पृष्ठ ६-को रहल

दिई आशीर्वाद दिन्छन्। अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैंको लागि तयार पारी राखिएको नयाँ लुगा गहना लगाई टीका लगाउन जान्छन्। जसको लर्को तथा भिड भाड यत्र तत्र बाटोमा प्रशस्तै देख्न सकिन्छ।

दशैंमा टीका थाप्ने, जमरा पहिरिने, आशिष लिने, दक्षिणा लिने कुरा केवल परम्परा मात्र होइन, यसमा हाम्रो जीवनको मूल्य र मान्यताहरू पनि लुकेका छन्। यीनिहरूको विशिष्ट अर्थ र महत्व पनि छ।

**दशैंको आर्शिवाद:**

आशिष अर्थात आर्शिवाद। आफ्नो उन्नति, प्रगति, दीर्घायूका लागि मान्यजनले राख्ने सदिच्छा।

दशैंमा आफुभन्दा ठूला, मान्यजनबाट टीका लगाएर आशिर्वचन दिने गरिन्छ। यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने संकेत गर्छ। मान्यजनले दिने आशिष हाम्रो निम्ति जीवनोपयोगी हुन्छ भन्ने पनि हो। साथै ठूलाबडाहरूले आफुभन्दा सानालाई सही मार्गदर्शन दिनुपर्छ। सही संस्कार दिनुपर्छ भन्ने सन्देश पनि हो यो।

दशैमा टीका लगाउँदा पुरूषलाई दिने आशिष यस्तो छ-

**आयू द्रोणसुते श्रीयं दशरथे शत्रुक्षयं राघवे।**
**ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने।**
**दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते।**
**विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे।।**

ससर्ती सुन्दा यसको अर्थ केलाउन सकिँदैन। गाह्रो छ। तर, चार हरफको यो श्लोकले हामीलाई सही ढंगको जीवन बाच्नका लागि उपयुक्त मार्ग देखाइदिन्छ। विभिन्न पौराणिक पात्रको विशेषता उल्लेख गर्दै त्यस्तै कुरा प्राप्त गर्न सदिच्छा यसमा राखिएको छ।

यसको अर्थ यसप्रकार छ-

द्रोणपुत्र अस्वत्थामको जस्तो लामो आयु अर्थात दीर्घायू हुन्। दशरथ राजाको जस्तो धनसम्पति होस्। भगवान रामको जस्तो शत्रुनाश होस्। नहुष राजाको जस्तो ऐश्वर्य होस्। पवनसुत हनुमानको जस्तो गतिशिलता होस्। दुर्योधनको जस्तो मान होस्। सूर्यपुत्र कर्णको जस्तो दानवीरता होस्। हलधर बलरामको जस्तो बल होस्। कुन्ती पुत्र युधिष्ठरको जस्तो सत्यवादिता हुनु। विदुरको जस्तो ज्ञान होस्। भगवान नारायणको जस्तो कीर्ति वा प्रशिद्धि होस्- भन्दै मान्यजनवाट आशीर्वाद लिइन्छ।

दशैमा टीका लगाउदा महिलालाई दिने आशिष यस्तो छ:-

**जयन्ती मङ्गला काली भद्रकाली कपालिनी**
**दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते।।**

यसको अर्थ यसप्रकार छ-

जयन्ती देवीको जस्तै महेश्वरीको रूप र विजयशलिनी होस्। मंगला देवीको जस्तो स्वतन्त्र, मुक्ति देवीको रूपमा प्रसिद्धि होस्। काली देवी जसले सम्पूर्ण सृष्टिलाई आफूसँग समयमा लिने हुनु। भद्रकालीको जस्तै भद्र, खुशी, मंगल हुनु। कपालिनी देवीको जस्तो दुश्मनहरूका लागि भयानक हुनु। दुर्गाले जस्तै कर्म र उपासनाबाट दुर्गतिको नष्ट गर्नु। क्षमाकी देवीले जस्तै क्षमा दिनु। शिव देवी जस्तै कल्याणकारी र सर्वशक्तिमान हुनु। धातृदेवीले जस्तै सम्पूर्ण जीवको रक्षा गर्नु। स्वाहा देवीले जस्तै हरेक यज्ञ र दानपुण्य गर्नु र स्वधा देवीले जस्तै मानवका हरेक यज्ञ दानपुण्यको संकल्प लिनु।

**दशैंको टीका:**

दशैंमा आफुभन्दा ठूला मान्यजन र आफन्तबाट आशीर्वाद लिन निधारमा टीका थापिन्छ। यसरी मान्यजनले आशिष दिँदै लगाइदिने टीकाको पनि निकै अर्थपूर्ण महत्व छ। मानिसको मस्तिष्कमा रहेको विकारलाई हटाई पराक्रमी पुरूषार्थी भावको विकासका लागि टीका लगाउने गरिन्छ। यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने पनि संकेत गर्छ। टीका जसलाई अक्षता पनि भनिन्छ। गाईको दुधको दही, चिनी, जिठोको रातो रङ्गमा मीश्रण गरिएको चामलको टीका निधारको मध्यभाग आज्ञा चक्रमा लगाइन्छ। यो दुबै आँखीभौंको माझमा हुन्छ। यसलाई तेस्रो नेत्र अर्थात तेस्रो आँखा भनिन्छ। आज्ञा चक्र स्पष्टता र बुद्धिको केन्द्र हो। यसले मानव र दैवी चेतनाको मध्य सीमा निर्धारण गर्छ।

यसको अर्थ ठूलाबडा, मान्यजनले हामीलाई धन, बुद्धी, स्वास्थ्य



चाडपर्वहरूले एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछन्। हर्ष, उल्लासका साथ आउने र मनाउँने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ। भिन्न खुसी र सुख प्रदान गर्दछ। यसले पूरै वातावरणको परिवेशलाई उल्लास र रौनक तर्फ परिवर्तन गरिदिन्छ। त्यसैले त चाडपर्वलाई विशेष महत्वका साथ मनाइने गरिन्छ।

सबैकुराले सर्वसम्पन्न बन्न प्रेरित गर्दै त्यसका निम्ति तेस्रो आँखा खुला राख भनेको हो। टीकालाई चेतनासँग जोडेर पनि हेर्ने गरिन्छ। साथै, रातो र सेतो टीका शान्ति एवं समृद्धिका प्रतीक हुन्, भनिन्छ। यसले मस्तिष्क, मन र विचारलाई शुद्ध चेतनायुक्त तुल्याउँछ भन्ने विश्वास गरिन्छ। आफ्नो घरमा टीका लगाएर आफन्तजनहरूकोमा पनि टीका ग्रहण गर्ने चलन छ। टीका लगाउने काम पूर्णिमासम्म जारी रहन्छ र पूर्णिमादेखि एक पक्षको (पन्ध्र) दशैं चाडको अन्त्य हुन्छ।

**दशैंको जमरा:**

दशैंमा टीका लगाइदिने र जमरा राखिदिने चलन छ। घटस्थापनाको दिन राखेको जौको जमरा टीका थाप्नेको टोपी भित्र, टाउकोमा कपालभित्र वा कानमा आशीर्वाद दिँदै राखिन्छ। जमरा राख्ने यसको आफ्नै खास विधि छ। मन्त्र छ। अँध्यारो स्थान, जहाँ सूर्यको प्रकाश आउँदैन, त्यहाँ शुद्ध माटोमा जौ छरेर जमरा उमारिन्छ।

धर्मशास्त्रहरूले यसलाई समृद्धिको प्रतीक मानिएका छन्। संस्कृतमा यव भनिने जौको जमरा खासमा भन्ने हो भने पौष्टिक खाद्यपदार्थ हो। जौलाई स्वास्थ्यका दृष्टिले पनि औषधी मानिन्छ। यसमा कार्बोहाइड्रेड, प्रोटिन र भिटामिनहरू पाइन्छन्। जमरा वा यसको रस निकै स्वास्थ्यबर्द्धक मानिन्छ।

वैदिक ग्रन्थहरूमा जौलाई रोग हटाउने यज्ञ-यज्ञादिमा उपयोगी,



बल र प्राणलाई पुष्ट पार्न अन्नका रूपमा लिइएको छ। पौराणिक ग्रन्थहरूमा पनि यवोसि धान्यश भनेर जौलाई अन्नको राजा मानिएको छ। गीतामा भगवान श्रीकृष्णले पनि औषधिनामहं यवः अर्थात औषधीहरूमा म जौ हुँ भन्नुभएकाले पनि यसको महत्त्व पुष्टि हुन्छ।

चिकित्सकहरूका अनुसार सात वा नौ दिनको जमरा पिँधेर झोल बनाई नित्य सेवन गर्ने हो भने उच्च रक्तचाप, अर्बुद (क्यान्सर) एवं मधुमेहजस्ता रोगमा फाइदा मिल्छ। जमराको रसको सेवनले सौन्दर्यता समेत निखार ल्याउँछ। यसैगरी बिरामी भएर कमजोर भएका व्यक्तिहरूलाई जौबाट निर्मित खाद्यपदार्थ खुवाउनाले शरीरमा चाँडै शक्तिसञ्चार हुने कुरा विभिन्न अनुसन्धानले प्रमाणित गरिसकेका छन्।

हाम्रा गाउँघरमा अझै पनि दसैंको जमरालाई सुकाएर राखी विभिन्न रोग लाग्दा पानीमा उमालेर पिउने चलन छ। अमेरिकी वैज्ञानिकहरूले गरेको अनुसन्धानअनुसार अंकुरित जौ सम्पूर्ण आहार र औषधीमध्ये सर्वोत्कृष्ट खाद्यपदार्थ हो। भारतीय चिकित्सकहरूले पनि जमराको प्रयोगबाट पेट, आन्द्रा, हाड एवं अन्य रोगहरूको सफल उपचार गरिसकेका छन्। प्रशस्त औषधीय गुण पाइने हुनाले पनि अंकुरित जौलाई सांकेतिक रूपमा विजयादशमीको प्रसादका रूपमा ग्रहण गरिन्छ।

दशैंको दक्षिणा:

दशैंमा टीका थाप्न आएका छोरीचेली, ज्वाइँ, आफन्त आदिलाई दिइने धन; वा द्रब्य नै दक्षिणा हो। विजयदशमीको दिन आ-आफ्नो गच्छे अनुसार मान्यजनबाट टीका लगाइसकेपछि दक्षिणा दिने गरिन्छ।

सुख, शान्ती, शक्ति र समृद्धिको कामना गर्दै दिइएको दक्षिणालाई घरमा राख्नु भनेको लक्ष्मीलाई भित्र्याउनु हो भन्ने आम विश्वास छ। त्यस्तो दक्षिणा खर्च नगरी राख्ने गरेको पनि पाइन्छ।

वास्तबमा वैदिककाल साधना, सिद्धि, सामर्थ्य, शक्ति र सौर्यताको संगमको काल थियो। त्यहिबाट दशैंको शुरूवात भयो। बडादशैं सनातन परम्परा, संस्कार -संस्कृति, धर्म, आस्था र विश्वाससँग जोडिएको विषयमात्र नभएर अब यसको वैज्ञानिक महत्वको विषय पनि रहेको पुष्टि भएको छ। यो समाजविज्ञान, मनोविज्ञान र व्यवहार विज्ञानसँग निकट रहेको छ।

यो धार्मिक, सामाजिक सांस्कृतिक र वैज्ञानिक महत्व र मूल्यको पर्व हो। तर पर्व मनाउँदा त्यसको वास्तविक मूल्य बुझेर, यथार्थ विधि पद्धति अनुसार निष्ठावान तरिकाले मनाउनुपर्छ भन्ने कुरा हो। साधना नगरी फल त्यसै पाइन्न। साथै पर्व मनाउँदा घाँटी हेरी हाड निल्यौं भन्ने हाम्रो महत्त्वपूर्ण उखानलाई अनुसरण गरौं।